JOIN
IELTS
MORNING | DAY | EVENING
CLASSES
APPLY TO STUDY IN
AUSTRALIA & NEW ZEALAND
BEACON
Premier International Education
Siddhartha Chowk Pokhara
PH: 061-528812, 523093
Mobile: 9856031631, 9846124153

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क ९४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ बैशाख ४ गते शनिबार ❑ 17 April 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## काँग्रेसले सरकारको नेतृत्व लिनुपर्छ : नेता सिंह

**पोखरापत्र संवाददाता**
**वालिङ, ३ बैशाख**

नेपाली काँग्रेसका नेता प्रकाशमान सिंहले अब नेपाली काँग्रेसको नेतृत्वमा सरकार बनाउनुपर्ने बेला आएको बताएका छन् । शुक्रबार स्याङ्जाको वालिङमा आयोजित स्वतन्त्रताका सेनानी स्व सूर्यप्रसाद रेग्मीको प्रथम पुण्य स्मृति दिवस तथा श्रद्धाञ्जली समारोहलाई सम्बोधन गर्दै उनले देश कठिन मोडमा पुग्दा काँग्रेसले जिम्मेवारी काँधमा लिएर निकास दिँदै आएको छ भने। "प्रधानमन्त्रीले नैतिकताका आधारमा राजीनामा दिनुपर्छ" उनले भने, "अब नेपाली काँग्रेसले कठिन घडीबाट गुज्रिरहेको अहिलेको समयमा उचित निकास दिनतर्फ केन्द्रित हुनुपर्छ ।"



काँग्रेसको विचारधारासँगै त्यसको कार्यान्वयन पक्ष पनि राम्रो रहेको बताउँदै नेपाली काँग्रेसको विचारधारालाई जीवन्त राख्नका लागि प्रजातन्त्रका सेनानी रेग्मीलगायतका नेताहरूको त्याग, तपस्या र बलिदानी महत्वपूर्ण र सदैव स्मरणीय रहेको नेता सिंहको भनाइ थियो ।

नेपाली काँग्रेसको आगामी चौधौँ महाधिवेशनबाट आउने नेतृत्वले पार्टीलाई अझै सङ्गठित र सुदृढीकरण गर्दै लैजाने उनको भनाइ थियो ।

कार्यक्रममा काँग्रेस स्याङ्जाका पूर्व जिल्ला सभापति एवं सांसद खगेन्द्रराज रेग्मी, स्वर्गीय सूर्यप्रसाद रेग्मीकी सुपुत्री सरिता नेपालले स्वर्गीय रेग्मीले स्वतन्त्रताका लागि खेलेको भूमिका महत्वपूर्ण रहेको बताएका थिए । जस्तोसुकै कठिन परिस्थितिमा पनि आफ्नो स्वार्थभन्दा माथि उठेर देश र जनताका लागि गरेको त्याग, तपस्या र बलिदानीलाई भुल्न नहुने बताएका थिए ।

सो अवसरमा शुक्रबार स्वर्गीय रेग्मीको स्मृतिमा भवन निर्माण गरिने भएको छ । स्वर्गीय रेग्मीका परिवारले वालिङ-२ सिमलचौपारीमा उपलब्ध गराएको जग्गामा सूर्यप्रसाद रेग्मी स्मृति भवन बन्ने भएको हो । स्मृति भवनको नेता सिंहले शिलान्यास गर्नुभएको हो । यसैबीच आजै 'अस्ताएको सूर्य' नामक वार्षिक श्रद्धाञ्जली कृतिको पनि विमोचन गरिएको छ।

## निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमका योजनाहरु सम्पन्न हुने चरणमा

**पोखरापत्र संवाददाता**
**पोखरा, ३ बैशाख**

गण्डकी प्रदेशको कास्की क्षेत्र नम्बर ३ (क) मा यस आर्थिक बर्ष २०७७/०७८ को निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम अर्न्तगतका केही योजनाहरु सम्पन्न हुने अन्तिम चरणमा पुगेको छ ।

प्रदेश सांसद रामजी प्रसाद बराल (जीवन) र प्रदेश सांसद डा.पुष्पा केसी भण्डारीको क्षेत्रमा परेका २५ वटा योजनाहरुको निर्माण कार्य अन्तिम चरणमा पुगेको सांसद बरालले बताए ।

आफ्नो निर्वाचन क्षेत्रमा पर्ने पोखरा महानगरका अधिकांश योजना सम्पन्न भएका छन भने कास्कीको माछापुच्छ्रे गाउँपालिकाका १ देखि ९ वटै वडाहरुमा आवश्यकताको आधारमा छनौट भएका केही योजना सम्पन्न हुने अन्तिम चरणमा पुगेको सांसद बरालले



बताए । कृषि, पर्यटन सहितका क्षेत्रमा समेटिने गरी २ करोड बजेटको लागि साना ठुला गरी २५ वटा योजना छनौट भएको थियो । स्थानिय जनताको आवश्यकताको आधारमा छनौट भएका योजनाहरु उनीहरुको सक्रियतामा छनौट भएका योजनाहरुको अधिकांश योजनाहरुको निर्माण कार्य सम्पन्न भएको सांसद बरालले जनाए । पोखरा महानगरको १,२, ३, १८,१९ र २५ वटा वडा र कास्कीको माछापुच्छ्रे गाउँपालिकाका १ देखि ९ वटै वडाहरुमा आवश्यकताको आधारमा सर्वसम्वत रुपमा योजना छनौट गरिएको थियो ।

पूर्वाधार विकास कार्यालय कास्कीका डिभिजन प्रमुख दिनेश घिमिरेले योजना सम्पन्न भए पश्चात अनुगमन टोलीले योजनाको अनुगमन भए पछि मात्र भुक्तानी हुने बताए। कास्की क्षेत्र नम्बर ३ (क) मा निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमका ५० प्रतिशत भन्दा बढी योजना सम्पन्न भएको कार्यालयका इन्जिनीयर प्रदीप पौडेलले बताए ।

यसैबिच, शुक्रबार सांसद बरालले माछापुच्छ्रे ३ को खरीवोट भलावोट बाटो विस्तार योजना तथा सडक ढलान कार्यको अवलोकन गरेका छन्। उक्त योजनामा ८ लाख ५० हजारको बजेट विनियोजन भएको खरिवोट भलावोट बाइस धारा बाटो विस्तार योजनाका अध्यक्ष प्रकाशमोहन पोखरेलले बताए ।

त्यस्तै सांसद बरालले भेडावारी सामुदायिक भवनमा फर्निचर तथा फर्निसिङ खरिद प्रकृया सम्पन्न भएकोले उक्त योजना समेत अवलोकन गरेका थिए । उक्त योजनामा ३ लाख ५० हजार विनियोजन भएको थियो । त्यस्तै सांसद बरालले भेवाडारीमा हाल निर्माण हुदै गरेको मोटरेवल पुलको समेत अवलोकन गरेका थिए ।

## कर्णालीका मुख्यमन्त्री शाहीलाई विश्वासको मत

**पोखरापत्र संवाददाता**
**पोखरा, ३ बैशाख**

कर्णाली प्रदेशका मुख्यमन्त्री महेन्द्रबहादुर शाहीले विश्वासको मत लिन सफल भएका छन् ।

उनले प्रदेशसभाको सातौँ अधिवेशनको पहिलो बैठकमा शुक्रबार विश्वासको मत लिएका हुन् । सभामुख राजबहादुर शाही सो सम्बन्धी प्रस्ताव बैठकमा पेश गरेका थिए । हाल प्रदेशसभामा ३९ सदस्यकायम रहेको प्रदेशसभा सदस्य मध्ये मुख्यमन्त्री शाहीले २२ मत प्राप्त गरेका हुन् । प्रदेशसभामा कायम सदस्यमा सभामुखसहित २० नेकपाएमाले, नेकपा (माओवादी केन्द्र)का १२, कांग्रेस छ र राप्रपाका एक सदस्य रहेका छन् । माओवादी केन्द्र दैलेख क क्षेत्रबाट प्रत्यक्ष निर्वाचित प्रदेशसभा सदस्य धर्मराज रेग्मीले दल त्याग गरेकोले उहाँको पद भने रिक्त रहेका बैठकमा सभामुख शाहीले जानकारी दिए।



कांग्रेसका छ प्रदेशसभा सदस्यले मुख्यमन्त्री शाहीलाई समर्थन दिएका थिए । यसैगरी नेकपा (एमाले)का चार प्रदेशसभा सदस्यले मुख्यमन्त्री शाहीको पक्षमा मतदान गरेका थिए।

यसै गरी फ्लोर क्रस गर्नेमा प्रकाश ज्वाला, कुर्मराज शाही, नन्दसिंह बुढा र अम्बरबहादुर थापा छन् । यीमध्ये ज्वाला र नन्दसिंह बुढा मन्त्री छन् । शाहीले राखेको प्रस्तावको विपक्षमा एमालेका १५ सांसदले मतदान दिएका थिए । प्रदेशसभामा एमालेका तर्फबाट सदस्य रहेका सभामुख र राप्रपाका एक सदस्यले मतदान गरेनन् ।

## कास्की काँग्रेसका सभापति केसीलाई पितृशोक

**पोखरापत्र संवाददाता**
**पोखरा, ३ बैशाख**

नेपाली काँग्रेस कास्कीका सभापति कृष्ण केसीलाई पितृशोक परेको छ।

उनका पिता हर्क बहादुर केसीको एक सय वर्षको उमेरमा निधन भएको हो । मादी गाउँपालिका वडा नं ५, देउमाणिस्थित निवासमा शुक्रबार करीब ९ बजे निधन भएको हो । उहाँको पार्थिव शरीर शुक्रबार पोखरा रामघाटस्थित सेती नदी किनारमा अत्येष्टि गरिएको नेपाली काँग्रेस कास्कीका प्रवक्ता नवीन सिग्देलले जानकारी दिए । स्व. केसीका पाँच छोरामध्ये कृष्ण जेठा छोरा हुन । बाबुराम केसी माहिला, पान बहादुर केसी साहिला, वीरेन्द्र केसी काईला र देवेन्द्र केसी कान्छो छोरा हुन् । उहाँका चार छोरी छन् । स्वर्गीय केसी पोखरा २८ देउमणिस्थित उषा किरण प्रावि र मादी ५ चितेपानी हिमालय प्राविका संस्थापक सदस्य रहेका थिउ । शव यात्रामा विभिन्न राजनीतिक दलका नेता तथा कार्यकर्ता, सुभेच्छुक र आफन्तको उल्लेख सहभागिता रहेको थियो । उनको पार्थिक शरीरमा नेपाली कांग्रेसकी केन्द्रीय सदस्य डा. डिला सङ्ग्रौला, नेता शुक्रराज शर्मा, यज्ञ बहादुर थापा, क्षेत्रीय सभापतिहरु बृजमान गुरुङ, माधव बास्तोला, पोषनाथ शर्मा, नेपाली काँग्रेस पोखरा २८ का इकाइ सभापति विकास लामाले पार्टीको चार तारे झन्डा ओढाएर अन्तिम श्रद्धाञ्जली अर्पण गरेका थिए।

यसैबीच, नेपाली काँग्रेस कास्कीले शुक्रबार नै शोक विज्ञप्ति प्रकाशित गरी केसीको निधनले पार्टीमा अपुरणीय क्षति पुगेको जनाएको छ ।प्रजातन्त्र सेनानी, पार्टीका क्रियाशील सदस्य केसीको निधनले पार्टी स्तब्ध बनेको उल्लेख गर्दै दिवंगत आत्माको चिरशान्तिको कामना र शोकसन्तप्त परिवारजनमा समवेदना व्यक्त गरिएको छ।

## नवनिर्वाचित पदाधिकारीको पदस्थापन तथा शपथ ग्रहण

**पोखरापत्र संवाददाता**
**पोखरा, ३ बैशाख**

नेपाल पत्रकार महासङ्घ गण्डकी प्रदेश समितिका नवनिर्वाचित पदाधिकारीको पदस्थापन एवं शपथ ग्रहण भएको छ।

महासङ्घ गण्डकी प्रदेश निर्वाचन समितिद्वारा शुक्रबार पोखरामा आयोजित एक कार्यक्रमका बीच प्रदेश समितिका नव निर्वाचित अध्यक्ष नारायण शर्मासहित पदाधिकारी एवं सदस्यको निर्वाचित समितिका संयोजक कोमलनाथ बरालले पद तथा गोपनीयताको शपथ ग्रहण गराए । कार्यक्रममा गण्डकी प्रदेशका सभामुख नेत्रनाथ अधिकारीले संविधानले प्रेस स्वतन्त्रताको ग्यारेन्टी गरिसकेका अवस्थामा यसको कार्यान्वयनका लागि सबै सचेत बन्नुपर्ने आवश्यकता औल्याए ।



संविधानसँग बाझिने कानून आउन नदिन आफू प्रतिबद्ध भएको बताउँदै उनले जनतालाई दिइने सूचना सत्यतथ्यमा आधारित हुनुपर्नेमा जोड दिए ।

महासङ्घका नवनिर्वाचित केन्द्रीय अध्यक्ष विपुल पोखरेलले महासङ्घका प्रति समाज अपेक्षित भूमिकाका लागि आफूहरू प्रतिबद्ध भएको बताए। श्रमजीवी पत्रकारको हकहितका लागि वर्तमान नेतृत्व प्रतिबद्ध रहेको उल्लेख गर्दै उहाँले श्रमजीवी पत्रकार ऐनको पूर्ण कार्यान्वयन गर्नेतर्फ आफूहरू क्रियाशीलताका साथ लाग्ने विश्वास व्यक्त गरे ।

महासंघ गण्डकी प्रदेशका नवनिर्वाचित अध्यक्ष नारायण शर्माले श्रमजीवी पत्रकारका हकहितका मुद्दामा

## बुटवलमा हत्या गरेर शव लुकाउन बागलुङ

**पोखरापत्र संवाददाता**
**बागलुङ, ३ बैशाख**

बुधबार दिउँसो बागलुङ जिल्लाको ढोरपाटन नगरपालिका-२ रिनाम भन्ने स्थानमा गाडिएको अवस्थामा प्रहरीले वेवारिसे अधबैँसे पुरुषको शव फेला पाऱ्यो ।

घटनाको प्रकृति हेर्दा हत्या गरेर गाडेको हुन सक्ने भन्दै बागलुङ प्रहरीले अनुसन्धानलाई बुधबारबाटै अगाडि बढायो । शवको पहिचान नभएका कारण प्रहरीले देशभर सम्पर्कविहीन भएका मानिसको अवस्थाको विषयमा बुझ्न थाल्यो । प्रहरीलाई मृतकले लगाएको कपडाभित्रका कागजातले अनुसन्धानमा निकै सहज बनायो । वेवारिसे शवका विषयमा सबैतिर जानकारी गराउँदा बुटवलबाट एक युवक चैत्र ४ गतेदेखि हराएको सूचना बागलुङ प्रहरीमा आएपछि अनुसन्धानको दायरा साँघुरिँदै आयो । बुटवलमा हराएको युवाका आफन्त बिहीबार बागलुङ आएपछि अन्ततः शवको पहिचान खुल्यो । ढोरपाटन-२ रिनाममा गाडिएको अवस्थामा फेला परेको शव नवलपरासी जिल्लाको देवचुली नगरपालिका-३ केवरानीका नारायण बस्यालको रहेको जिल्ला प्रहरी कार्यालय बागलुङका सूचना अधिकारी तथा प्रहरी नायब उपरीक्षक इकवाल हवारीले जानकारी दिए।

बुटवलमा व्यवसाय गर्दै आउनुभएका बसेल चैत ४ गते रातिदेखि सर्म्पकविहीन भएका थिए । "प्रारम्भिक अनुसन्धानबाट बुटवलमा हत्या गरी शव लुकाउन बागलुङ ल्याएको देखिन्छ", सूचना अधिकारी हवारीले भने, "शवसँगै भएको व्यावसायिक कागजातका आधारमा अनुसन्धान गर्दा व्यवसायमा साझेदारी गर्दै आएका ढोरपाटन-२ रिनाम घर भई बुटवलमा बस्यालसँगै व्यवसाय गर्ने मित्रलाल खनाललाई इलाका प्रहरी कार्यालय बुटवले बिहीबार पक्राउ गरेको छ, आर्थिक लेनदेनका कारण हत्या गरेको स्वीकार गरे पनि एक्लैले हत्या गरी शव बागलुङ ल्याउन मुस्किल हुन्छ, थप अनुसन्धान भइरहेको छ ।" हवारीका अनुसार बुटवल प्रहरी र बागलुङ प्रहरीले समन्वयमा अनुसन्धान गरिरहेका छन् । अन्य मानिससमेत शङ्काको घेरामा रहेको उनले बताए। उनले हत्यामा सम्लग्न एक जना फरार रहेको बताए । "हत्यामा कुनै पेशेवर अपराधीसमेत संलग्न भएको हुनसक्छ, बुटवलमा हत्या गरी शव सुटकेसमा राखेर बस चढेर बागलुङस्थित ढोरपाटन-२ रिनाम ल्याएर गाडेको अनुसन्धानबाट देखिन्छ", उनले भने "हत्या सुनियोजित भएको हुँदा एक्लैले सम्भव देखिँदैन, अन्य कुरा थप अनुसन्धाबाटै खुल्ला ।" साझेदारीमा व्यवसाय गर्दा आर्थिक विवाद भएकाले हत्या गरेर शव लुकाउन बागलुङ ल्याएको प्रारम्भिक अनुसन्धानबाट खुलिसकेको छ।

बुटवलबाट बसको डिक्कीमा सुटकेसभित्र शव राखेर बागलुङको ढोरपाटन ल्याउनु भनेको निकै जटिल भएकाले हत्यारा निकै चलाख र पेशेवरसमेत भएको देखिन्छ । गाडिएको अवस्थामा फेला परेको बेवारिसे शव दुर्घन्धित हुँदै गएपछि स्थानीयवासीले प्रहरीलाई खबर गरेपछि घटना बाहिर आएको हो।



# मध्यपहाडी आयोजनाको काम असारभित्रै सम्पन्न हुने

**पोखरापत्र संवाददाता**
**पोखरा, ३ बैशाख**

राष्ट्रिय गौरवको निर्माणाधीन मध्यपहाडी (पुष्पलाल) राजमार्गको कास्कीस्थित हेमजा खण्डको निर्माण चालु आर्थिक वर्षभित्रमा सम्पन्न गर्ने लक्ष्य राखिएको छ।

पोखरा महानगरपालिका-२५ याम्दीबाट घट्टेखोलासम्मको १२ दशमलव दुई किलोमिटर सडकमा अहिले धमाधम कालोपत्र गर्ने काम भइरहेको छ। साविकको पोखरा-बाग्लुङ राजमार्गको स्तरोन्नति गरी फराकिलो बनाएर यतिबेला कालोपत्र शुरु गरिएको छ । गत असोजभित्रमा आयोजना सम्पन्न गर्नुपर्नेमा बन्दाबन्दीलगायतका कारणले काममा ढिलाइ भए पनि आगामी असारभित्रमा बाँकी काम सम्पन्न गर्ने गरी निर्माणलाई तीव्रता दिइएको मध्यपहाडी (पुष्पलाल) राजमार्ग आयोजनाका इञ्जिनीयर अनन्त बरालले जानकारी दिनुभयो । सो खण्डमा गत पुसदेखि सडक कालोपत्र गर्न शुरु गरिएकामा हालसम्म आधाभन्दा बढी सडक कालोपत्र गरेर सकिएको छ । "चालु आर्थिक वर्षमा यस खण्डको बाँकी सबै काम सम्पन्न गर्ने लक्ष्यअनुसार अहिले कालोपत्रको कामले तीव्रता पाएको छ। अहिलेकै गतिमा काम गरेर बाँकी अवधिमा आयोजना सम्पन्न गर्न लागिपरेका छौँ", इञ्जिनीयर बराललले भन्नुभयो । मध्यपहाडी आयोजनाअन्तर्गत घट्टेखोलाबाट पर्वत जिल्लाको सीमा नयाँपुलसम्मको काम सकिएको छ। याम्दीबाट घट्टेखोलासम्म शुरुमा एक तहको काम सकेर त्यसपछि अर्को लेनको काम गरिने आयोजनाले जनाएको छ।

बराललले भने, "यात्रुलाई सहज होस् भनेर हामीले पहिलो चरणमा एकतर्फी काम सम्पन्न गर्न लागिपरेका छौँ । सुँइखेतमा दुईतर्फ सकिए पनि तीन किमी एकतर्फी काम बाँकी छ, त्यसलाई पूरा गर्दछौँ ।" मध्यपहाडीको कास्की याम्दीबाट नयाँपुलसम्मको ३७ किमी सडक तीन वर्षभित्रमा निर्माण सम्पन्न गर्ने गरी तीन भागमा विभाजन गरेर विसं २०७४ असारमा रु दुई अर्ब ९३ करोड ६६ लाख लागतमा ठेक्का सम्झौता गरिएको थियो । याम्दीबाट सुँइखेतफाँटसम्म स्वच्छन्द इलाइट जेभीले रु ९८ करोड ७९ लाख ६१ हजार ४१५ तथा सुँइखेतबाट घट्टेखोलासम्म शर्मा एण्ड कम्पनीले रु ९८ करोड १२ लाख ५० हजार ५२९ लागतमा कामको जिम्मा पाएका थिए। त्यसैगरी घट्टेखोलाबाट नयाँपुलसम्मको २६ किमी दूरीमा श्रेष्ठ दिवा एपेक्स कन्स्ट्रक्शनसँग रु ९६ करोड ७४ लाख ११ हजार १०७ लागतमा मध्यपहाडी लोकमार्ग आयोजना पर्वतले ठेक्का सम्झौता गरेको थियो। राजमार्ग छ लेन (३० मिटर) चौडाइ तथा तीन मिटरको डिभाइडर (मेडियन) तथा दायाँ-बायाँ दुई/दुई मिटरको नाला निर्माण गरिएको छ। पहाडी धरातलका कारण घट्टेखोलाबाट नयाँपुलसम्म भने दुई लेनको छ। आयोजनाको याम्दीपूर्वको क्षेत्रमा भने सडक एलाइनमेन्टको अझै टुङ्गो लाग्न सकेको छैन । लमजुङ जिल्लाको सिमाना रुदीदोभानबाट मादी गाउँपालिकाको भैँसेसम्मको १६ किमी खण्डमा चालु आवमा बोलपत्र आह्वान भएर ठेक्का सम्झौतापछि गत महिनादेखि काम शुरु भए पनि भैँसेदेखी याम्दी जोड्ने सडकको अझै टुङ्गो लाग्न नसकेको हो।

# पोउवा संघद्धारा देवचुली उवा संघको प्रतिनिधि मण्डलको स्वागत

**पोखरापत्र संवाददाता**
**पोखरा, ३ बैशाख**

पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष नारायण कोइरालाले निजी क्षेत्र विकासको साझेदारको रुपमा काम गर्न तयार रहेको बताएका छन्। देशव्यापी सञ्जाल रहेको निजी क्षेत्रको मानमर्दन गर्ने गतिविधिहरु नगर्न उनले तीनवटै तहका सरकारसँग आग्रह पनि गरेका छन्।

अध्ययन अवलोकन भ्रमणको क्रममा पोखरा आएको नवलपुरको देवचुली उद्योग वाणिज्य संघको प्रतिनिधि मण्डलसँग शुक्रबार भएको अन्तरक्रिया कार्यक्रममा उनले सो कुरा बताएका हुन् । पोखरा उद्योग वाणिज्य संघ स्थापना कालदेखि नै पोखराको विकास साझेदार भएको चर्चा गर्दै उनले व्यवसायीहरुले सामाजिक उत्तरदायित्व



निभाउन कञ्जुस्याइँ गर्न नहुने बताए। गण्डकीको कान्छो जिल्ला नवलपुरको समृद्धिसँग सिंगो गण्डकीको समृद्धि जोडिएकोले सो क्षेत्रको विकासमा गण्डकी सरकारले विशेष ध्यान दिनुपर्ने उनको भनाई थियो।

कार्यक्रममा बोल्दै नवलपुर उद्योग वाणिज्य संघका अध्यक्ष रेशमलाल सापकोटाले हिजो चन्दा दिँदा हैरान भएका व्यवसायीहरु अहिले तीन तहका सरकारलाई कर तिर्दा आजित भएको बताए । गण्डकीको कान्छो जिल्ला नवलपुरको विकासको लागि विभिन्न खाले आश्वासन आए पनि कार्यान्वयन पक्ष सुस्त भएको उनको गुनासो थियो। पोखरा उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष पवनकुमार प्रजापतिले कोभिड-१९ को प्रकोप र लकडाउनको बेला पनि लाइन लागेर राज्यलाई कर तिरेको स्मरण गर्दै व्यवसाय चौपट भएको बेला राज्यले व्यवसायीहरुलाई सघाउनुपर्ने धारणा राखे। देवचुलीका वरिष्ठ उपाध्यक्ष सत्यनारायण भुषालले उद्योग वाणिज्य संघहरुबीच भाइचाराको सम्बन्ध हुनुपर्नेमा जोड दिए। पोखरा उद्योग वाणिज्य संघका उपमहासचिव केशवबहादुर खत्रीले कोभिडको दोस्रो लहर सुरु भएकाले सचेततापूर्वक व्यापार/व्यवसाय गर्न व्यवसायीहरुसँग आग्रह गरे ।अन्तरक्रियामा सामेल दुबै उद्योग वाणिज्य संघका पदाधिकारी तथा सदस्यहरुले सहकार्य र उद्योग/व्यवसायीका समस्याबारे आ-आफ्ना धारणा राखेका थिए।

# ग्रामीण भेगमा विद्युत विस्तार

**पोखरापत्र संवाददाता**
**दमौली, ३ बैशाख**

तनहुँको ग्रामीण भेगमा विद्युत् विस्तार गरिएको छ। हालसम्म विद्युत् सेवा नपुगेका बन्दीपुर गाउँपालिका र व्यास नगरपालिकाको ग्रामीण क्षेत्रमा विद्युतीकरण गरिएको हो।

बन्दीपुर गाउँपालिका-६ को खहरे, ढाप, थुमथुमे तथा व्यास नगरपालिका-१४ को मास्दीघाट, सुढे रिजाल्दीको ११५ घरमा बिहीबारदेखि बत्ती बलेको छ । तनहुँ जलविद्युत् आयोजनाको विद्युत् सुदृढीकरण तथा विस्तार आयोजनामार्फत उक्त ठाउँमा बत्ती बलेको हो । बन्दीपुर गाउँपालिका-६ का ६२ र व्यास नगरपालिका-१४ का ५३ घरमा बत्ती बलेसँगै दुवै वडा अन्धकारमुक्त भएका छन् । बन्दीपुर गाउँपालिकाका अध्यक्ष पूर्णसिं थापाले उक्त वडामा बत्ती बलेसँगै गाउँपालिकाका सबै घरधुरीमा विद्युत् पहुँच पुगेको जानकारी दिनुभयो । "यहाँका स्थानीयवासी यस अगाडि सोलार र टुकीका भरमा बस्दै आएका थिए, विद्युत् पुगेसँगै स्थानीयवासीमा खुशी छाएको छ", उहाँले भन्नुभयो, "गाउँपालिकाका कुनै पनि घर अब अँध्यारो छैन ।" व्यास नगरपालिका-१४ का वडाध्यक्ष काजीमान श्रेष्ठले विद्युत् विस्तारसँगै वडा पनि पूर्णरूपमा उज्यालो भएको जानकारी दिनुभयो । उक्त वडामा कूल ८२३ घरधुरी छ। "मास्दी, सुढे, रिजाल्दीमा यस अगाडि सोलार प्रयोग हुन्थ्यो, वडाकै लगानीमा नौ ठाउँमा सोलार खम्बा पनि राखेका थियौँ", उहाँले भन्नुभयो, "अब त बिजुली नै आएपछि सहज हुने भयो।" जिल्लाका विद्युत् नपुगेका ठाउँमा विद्युतीकरणका लागि तनहुँ जलविद्युत् आयोजनाअन्तर्गत विद्युत सुदृढीकरण तथा विस्तार आयोजनाले काम गरिरहेको छ। आयोजनाका इञ्जिनीयर लक्ष्मण रेग्मीले घिरिङ गाउँपालिका, ऋषिङ गाउँपालिका, शुक्लागण्डकी नगरपालिका, व्यास नगरपालिका, बन्दीपुर गाउँपालिका, आँबुखैरेनी र देवघाट गाउँपालिकाका विद्युत् नपुगेका घरधुरीमा विद्युतीकरण गर्ने कामलाई तीव्र बनाइएको जानकारी दिनुभयो । त्यसका लागि घिरिङ गाउँपालिका-४ कोटसाभुङ र बन्दीपुर गाउँपालिका-६ साराङघाटमा सवस्टेशन निर्माणको काम भइरहेको छ। "छ/आठ एमभिए क्षमताको ट्रान्सफर्मर राखेर दुई वटा सवस्टेशन निर्माणाधीन अवस्थामा छ, असार मसान्तभित्र काम सम्पन्न गर्ने भनिए पनि विविध कारणले काममा ढिलाइ भयो", उहाँले भन्नुभयो। उहाँका अनुसार असान्तभित्र काम सम्पन्न गर्न कठिनाइ भएकाले आगामी छ महीनाभित्र काम सम्पन्न हुने अनुमान गरिएको छ। सेती नदीपारिका दक्षिणी भेगमा विद्युतीकरणका लागि तनहुँ जलविद्युत् आयोजनाले सघाएको हो। तनहुँ जलविद्युत् आयोजनामार्फत जिल्लाका आठ हजार घरधुरीमा विद्युतीकरण गरिनेछ।

# पोखरा क्रिकेट क्लबको १-० को अग्रता

**पोखरापत्र संवाददाता**
**पोखरा, ३ बैशाख**

पोखरा क्रिकेट क्लबले अल्फ त्रिकेट एकेडेमीलाई २२ रनले पराजित गर्दै दुई खेलको श्रृखंला १-० ले अग्रता लिएको छ। मैत्रीपूर्ण सिरिजको दोस्रो खेल शनिबार पोखरा रंगशाला क्रिकेट मैदानमा हुने छ।

पोखरा क्रिकेट क्लबको आयोजना तथा वाईनकिङको मुख्य प्रायोजनमा आयोजित प्रो-३५ वुमन्स क्रिकेट प्रतियोगितामा घरेलु टोलीले टस जित्दै व्याटिङमा उत्रिएको थियो । ३० ओभरको खेलमा पोखरा क्रिकेट क्लबले १७० रन बनाउने क्रममा सात विकेट गुमायो।

कविता कुँवरले अर्धशतकीय पारी खेल्दै गतिलो शुरुवात गरिन् । उनले ६८ बल खेल्दै ८ चौका हिर्काउँदै सर्वाधिक ७१ रनको योगदान गरिन्। शिला रेग्मी क्षत्रीले पनि ४० बल खेल्ने क्रममा २४ रन बनाईन् । सम्झना खड्काले पनि २१बल खेल्दै १८ रन बनाईन्। अल्फा



एकेडेमीका बलर सोनी पोखरेलले ३ ओभरमा ११ रन दिदैं २ विकेट लिईन् । त्यसैगरी कृष्णा गुरुङले पनि ४ ओभरमा १६ रन खर्चिएर १ विकेट नाममा लेखाईन् । अस्मिता कर्मचार्यले ५ ओभरमा २४ रन दिएर १ विकेट लिदाँ निशा भेलन तामाङले पनि ५ ओभरमा ३१ रन खर्चिएर १ विकेट हातमा राखिन्।

१७१ रनको लक्ष्य पछ्याएको अल्फा क्रिकेट एकेडेमी भने १४८ रनमा समेटिन पुग्यो। कन्चन श्रेष्ठले सर्वाधिक ८१ रनको योगदान दिएपनि जितसम्म डोहोर्‍याउने भने सकिनन्। अन्य वुमन्सको प्रभावकारी प्रदर्शन भने देखिएन् । उनले ६ चौका हिर्काईन्। सुमन श्रेष्ठले २८ बलमा १८ रन जोडिन्। दुई चौका उनको स्कोर कार्डमा चढ्यो । पोखरा क्रिकेट क्लबका बलर शिला रेग्मीले ५.१ ओभरमा ३३ रन खर्चिएर २ विकेट लिईन्। त्यस्तै कविता कुँवरले डली भट्टले ६ ओभरमा २८ रन दिदैं २ विकेट लिईन् । कविता कुँवरले ६ ओभरमा ३२ रन दिदैं २ विकेट लिदाँ रितु कोनोजियाले ६ ओभरमै २३ रन खर्चिएर १ विकेट आफनो नाममा राख्न सफल भईन् । प्लेयर अफ दि म्याचको पुरस्कार कविता कुँवर घोषित भईन् । मदिरा व्यवसायी संघ कास्कीका अध्यक्ष डिल्लाराम पनेरुले प्रतियोगिताको उदघाटन गरेका थिए। राष्ट्रिय खेलकुद परिषदका सदस्य राजेशकुमार गुरुङ, नेपाल क्रिकेट संघका केन्द्रीय सदस्य ऋषिराम गौतम, पोखरा महानगरपालिका वडा नं ३ का वडाध्यक्ष रविन्सन प्रजु, गण्डकी प्रदेश क्रिकेट संघका अध्यक्ष देवेनसन प्रजु, पोखरा क्रिकेट क्लबका अध्यक्ष निकेश श्रेष्ठ लगायतले क्रिकेटको चर्चा गरेका थिए । प्रतियोगितामा विजयी हुने टिमले ट्रफि सहित प्रमाण पत्र पुरस्कार प्राप्त गर्नेछ भने उपविजेतालाई प्रमाणपत्र प्रदान गरिने छ। दुई खेलमा म्यान अफ द म्याच र सर्वोत्कृष्ट खेलाडीलाई पनि पुरस्कृत गरिने छ । पोखरा क्रिकेट क्लवका अध्यक्ष निकेश श्रेष्ठले प्रतियोगिताबाट पोखरामा क्रिकेटतर्फ आकर्षित महिला खेलाडीहरुलाई थप उर्जा प्राप्त हुने बताए।

# नवनिर्वाचित ...

निरन्तर लाग्ने प्रतिबद्धता व्यक्त गरे।

कार्यक्रममा निर्वाचन समितिका संयोजक बराल, महासङ्घका केन्द्रीय महासचिव रोशन पुरी, सचिव दीपेन्द्र चौहान, प्रदेशसभा सदस्य दीपक कोइराला, नेपाल पत्रकार महासङ्घ गण्डकी प्रदेशका अध्यक्षका प्रत्यासी दीपेन्द्र श्रेष्ठ, निवर्तमान अध्यक्ष दीपेन्द्र श्रेष्ठलगायतले नवनिर्वाचित पदाधिकारीलाई बधाई तथा शुभकानम व्यक्त गरे ।

# 'कोभिड देखिए विद्यालय बन्द गर्नू

**रासस**
**काठमाडौं, ३ बैशाख**

काठमाडौँ महानगरपालिकाले विद्यार्थी, शिक्षक वा अन्य कर्मचारीमा कोभिड-१९ को सङ्क्रमण पुष्टि भए मात्र विद्यालय बन्द गर्ने भएको छ।

कामपाले एक विज्ञप्ति जारी गर्दै कुनै पनि विद्यालयमा कोरोना सङ्क्रण देखिए एक साताका लागि बन्द गर्नसक्ने निणय गरेको छ । यसरी बन्द गरिएका विद्यालयमा वैकल्पिक मध्ययमबाट सिक्षण सिकाइ गर्न गराउन पनि कामपाको शिक्षा अधिकारी रामप्रसाद सुवेदीबाट जारी विज्ञप्तिमा उल्लेख छ।

सङ्क्रमण नदेखिएका अवस्थामा विद्यालयमा सामाजिक दूरी कायम गर्ने, मास्क अनिवार्य प्रयोग तथा साबुन पानीले पटकपटक हात धुने, स्यानिटाइजरको प्रयोग गर्नेलगायत स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट विगतमा जारी गरिएका मापदण्डको कडाइका साथ पालना गरी अभिभावकको सहमतिमा विद्यालय सञ्चालन गर्न विज्ञप्तिमा भनिएको छ।

कामपामा हाल ९१ सामुदायिक र ६४५ वटा संस्थागत गरी ७३६ विद्यालय छन्। यी विद्यालयमा दुई लाख तीन हजार ९७१ विद्यार्थी अध्ययन छन् । यसमध्ये एक लाख ५८ हजार ९७१ संस्थागत विद्यालयमा र बाँकी सामुदायिक विद्यालयमा अध्ययन गर्छन्।

# थप ९०० मा कोरोना भाइरस संक्रमण पुष्टि

**रासस**
**काठमाडौं, ३ बैशाख**

देशभर पछिल्लो २४ घण्टामा थप ९०० जनामा कोभिड-१९ को सङ्क्रमण पुष्टि भएको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयकानुसार पछिल्लो समय ६ हजार १५८ जनाको स्वास्थ्य परीक्षण गर्दा सो सङ्ख्यामा सङ्क्रमण पुष्टि भएको हो । जसमा काठमाडौँ उपत्यकामा ३४८ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ।

स्वास्थ्य मन्त्रालयकानुसार काठमाडौँमा २८६, ललितपुरमा ४३ जना र भक्तपुरमा १९ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको हो। शुक्रबारसम्म नेपालमा कोरोना भाइरस सङ्क्रमितको सङ्ख्या दुई लाख ८२ हजार ८९० पुगेको छ। त्यस्तै पछिल्लो समय थप २०८ जना निको भएका छन् । योसँगै निको हुनेको सङ्ख्या दुई लाख ७४ हजार ८१२ रहेको छ। निको हुने दर भने ९७ दशमलव एक प्रतिशत रहेको छ।






**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरूषमा देखिने:**
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने:**
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्धार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाझोपन) नि:सन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५३९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# घट्टटोलका कृषक भकारो सुधार अभियानमा

पोखरापत्र संवाददाता
म्याग्दी, ३ बैशाख

म्याग्दीको रघुगङ्गा गाउँपालिका-२ भगवतीको घट्टटोलका कृषकले भकारो सुधार अभियान चलाएका छन् । माटोको उत्पादन क्षमता बढाउन रासायनिक मल र विषादीको विकल्पमा गुणस्तरीय प्राङ्गारिक मल उत्पादन गर्ने उद्देश्यले भकारो सुधार गर्न थालिएको हो । मुख्यमन्त्री वातावरणमैत्री नमूना कृषि गाउँ कार्यक्रममार्फत भकारो सुधार अभियान सञ्चालन गरिएको अन्नपूर्ण कृषक समूहका अध्यक्ष दलबहादुर कार्कीले बताउनुभयो ।

"खेर गइरहेको गहुँतलाई सङ्कलन गर्न र मलमा नाइट्रोजन उडेर नष्ट हुन नदिन भकारो सुधार गरिएको हो", उहाँले भन्नुभयो, "माटोको उर्वर शक्ति बढाउन भकारो सुधार अभियानले सहयोग पुग्ने अपेक्षा छ ।" गाईभैंसी बस्ने ठाउँ ढलान, मूत्र सङ्कलन गर्ने पोखरी र मलखादमा छाप्रो बनाइएको छ । मललाई घामपानीबाट जोगाउन सकेमा नाइट्रोजन उडेर नष्ट हुँदैन । पोखरीमा सङ्कलित मूत्र जैविक विषादीका रूपमा प्रयोग गर्न सकिन्छ ।

समूहले गत वर्ष ३७ कृषकलाई भकारो सुधार गर्न रु २० हजारका दरले अनुदान उपलब्ध गराएको थियो । चालू आर्थिक वर्षमा थप १५ भकारो सुधार गर्न रु ३५ हजारका दरले अनुदान उपलब्ध गराउन लागिएको समूहले जनाएको छ । यसअघि गाईभैंसीको गोठ व्यवस्थित थिएन । कृषकले खुला ठाउँमा मल थुपार्ने गर्दथे । खेतबारीमै गाईबस्तु बाँध्ने चलन थियो । भकारोको मूत्र सङ्कलन नहुँदा त्यसै बगेर खेर जान्थ्यो । परम्परागत भकारोलाई सुधार गरेर व्यवस्थित बनाइएपछि गुणस्तरीय मल उत्पादन हुनुका साथै खेतीबालीमा लाग्ने रोगकिरा नष्ट गर्न सङ्कलित मूत्र प्रयोग गर्न थालिएको हो ।

गण्डकी प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले प्राङ्गारिकखेतीका माध्यमबाट वातावरणमा स्वच्छतासँगै कृषकको आयआर्जन सुधारका लागि घट्टटोलमा गत आर्थिक वर्ष २०७६/०७७ देखि मुख्यमन्त्री वातावरणमैत्री कृषि नमूना गाउँ कार्यक्रम सञ्चालन गरेको थियो । आव २०७६/७७ मा रु २५ लाख विनियोजन भएको कार्यक्रमका लागि यस वर्ष पनि थप रु २५ लाख विनियोजन भएको छ । समूहमा ५८ घरधुरी कृषक आबद्ध छन् । गत वर्ष आठ हजार ५०० सुन्तला, एक हजार ६०० ओखर र नौ हजार ३०० टिम्मुर र एक हजार अलैंचीका बिरुवा वितरण गरिएको कृषि प्राविधिक विनिता केसीले बताउनुभयो ।

समूहमा प्रयोग गर्ने गरी सात वटा खेतबारी जोत्ने मिनिटेलर हलो उपलब्ध गराइएको छ । तीन वटा सुन्तलाको बिरुवा रोप्ने औजारको व्यवस्था गरेका छन् । दुई वटा सिँचाइ पोखरी निर्माण गरेर तीन हजार ५०० मिटर पाइप वितरण गरेका छन् । "यस वर्ष रु चार लाख बराबरको बिरुवा वितरण गर्ने कार्यक्रम छ, सुन्तला, कागती प्रजातिका बिरुवालाई जोड दिएका छौं", कृषि प्राविधिक केसीले भन्नुभयो, "पन्ध्र वटा भकारो सुधार र तीन वटा सिँचाइ पोखरी निर्माण हुँदैछ । कृषकलाई स्थलगत तालीम प्रदान र भ्रमण कार्यक्रम सकिएको छ ।"

घट्टटोलका कृषकले परम्परागत अन्नबालीको विकल्पमा व्यावसायिकरूपमा सुन्तलाका बिरुवा लगाउन थालेका छन् । स्थानीय बालकृष्ण कटुवालले वैदेशिक रोजगारको विकल्पमा स्वदेशमै स्वरोजगार बन्न सुन्तलाखेती गरेको बताउनुभयो । सो ठाउँका करीब १० जना युवाले व्यावसायिक सुन्तलाखेती गरेका अगुवा कृषक कटुवालले बताउनुभयो ।

"एक रोपनी खेतबारीमा ५०० सुन्तलाका बिरुवा लगाएको छु । केराखेती, माछा र माहुरीपालन पनि गरेको छु", उहाँले भन्नुभयो, "घट्टटोल सुन्तला गाउँमा परिणत भएको छ । धेरैले सुन्तला लगाउनुभएको छ । धान, कोदो, मकैको तुलनामा कम लागतमा बढी आम्दानी गर्न सकिने भएकाले सुन्तलाखेतीमा आकर्षित भएका हौं ।"

गण्डकी प्रदेश सरकारले सबै निर्वाचन क्षेत्रमा हरेक वर्ष एक/एक वटा मुख्यमन्त्री वातावरणमैत्री कृषि गाउँ कार्यक्रम सञ्चालन गरेको छ । म्याग्दी क्षेत्र (क)मा पहिलो वर्ष बेनी नगरपालिका-४ सिंगा र भगवतीमा कार्यक्रम लागू भएको प्रदेशसभा सदस्य विनोद केसीले बताउनुभयो । क्षेत्र (ख) को मङ्गला गाउँपालिकाको तोराखेत, कोत्रवाङ, सिम, सातबिसे, पोक, मालिका गाउँपालिकाको बिम र धवलागिरि गाउँपालिकाको खाम्लामा सो कार्यक्रम लागू भएको छ ।

# शहरी स्वास्थ्य सेवा केन्द्र पोखरा १० मा कागेश्वरी मनोहर नगरपालिका

पोखरापत्र संवाददाता
पोखरा, ३ बैशाख



पोखरा महानगरपालिका शहरी स्वास्थ्य महा शाखा द्वारा संचालित शहरी स्वास्थ्य सेवा केन्द्र वडा नं -१० मा वडा समिति कार्यालय वडा नं को सहकार्यमा कागेश्वरी मनोहर नगर पालिका वडा नं ८ र ९ का अध्यक्ष, सदस्य, सचिव, स्वास्थ्य कर्मि र महिला स्वयम सेवीका लाई एक कार्यक्रमका साथ स्वागत गरियो ।

पोखरा महानगरपालिका वडा नं १० का कार्यबाहक वडा अध्यक्ष सम्मर बहादुर श्रेष्ठ को सभापतित्वमा वडा समिति कार्यालय वडा नं १० र शहरी स्वास्थ्य सेवा केन्द्रमा कागेश्वरी मनोहर नगर पालिका वडा नं ८ र ९ का भ्रमण टोलीका २३ जना लाई फुल र खादा द्वारा स्वागत गर्दै वडा कार्यालय को काम कार्य वडालले गरेका सेवा सम्बन्धी जानकारी गराउदै शहरी स्वास्थ्य सेवा केन्द्र संचालन, महिला स्वास्थ्य सेबीकाहरूको काम कर्तव्य अधिकारका विषयमा छलफल गर्दै वडा नं १० र कागेश्वरी मनोहर नगर पालिका वडा नं ९ संग मैत्री भाब राखी मितेरी सम्बन्ध बढाउदै जाने वडा न १० का कार्यबाहक वडा अध्यक्ष सवम्मर बहादुर श्रेष्ठ बताउनुभयो । स्वागत र अनुगमन कार्यक्रममा कागेश्वरी मनोहर नगर पालिका वडा ९ का वडा अध्यक्ष कुन्दन खड्का ले आफ्नो वडामा रहेका महिला स्वयम सेवीकाहरूले वडामा रहेका स्थानिय बासीहरुको पर्नसक्ने स्वास्थ्य सम्बन्धी समस्या समाधान गर्न अग्रसर हुने गरेको र वडा बाट केहि भत्ताको व्यवस्था मिलाएको बताउनु हुदै मनाङ्ग, मुस्ताङ्ग, जोमसोम, बाग्लुङ्ग हुदै पोखरा आउने क्रममा वडा नं १० मा रहेको महिला स्वयम सेवी हरूले गरेको काम प्रसंसा स्वरूप आफ्नो वडाले स्वयम सेवी लाई एक कार्यक्रमका साथ केही भत्ताको व्यवस्था मिलाएको बताउनु हुदै पोखराको वडा नं १० संग वडा संचालन, स्वास्थ्य र महिला स्वयम सेवीका संगको अनुभब आदान प्रदान गर्न पाएको बताउनु भयो । उक्त अनुगमन कार्यक्रममा पोखरा महानगरपालिका वडा नं १० का वडा सदस्य निशा मल्ल ठकुरी,वडा सदस्य प्रतिभा बिक पोखरेल, वडा सदस्य दिपक बहादुर थापा, कागेश्वरी मनोहर नगर पालिका वडा नं ९ का वडा सदस्य डोलनाथ पोखरेल, सारा पुर्कोटी, वडा नं ८ का वडा सचिव सविना कुमारी श्रेष्ठ, यसैगरी वडा न ९ का वडा सचिव संगीता घिमिरे, गोठाटार स्वास्थ्य चौकीका प्रमुख रजनि खड्का लगाएतका ब्यक्तिहरुले आ आफ्नो बिचार राख्नु भयो ।

कार्यक्रम मा पोखरा महानगरपालिका वडा १० र कागेश्वरी मनोहर नगर पालिका वडा नं ८ र ९ का स्वास्थ्य कर्मि, महिला स्वयम सेवीका समेत ६० जनाको सहभागितामा सम्पन्न कार्यक्रम पोखरा -१० महिला स्वयम सेवीका शोभा पहारीले स्वागत गरेको २ वडा बिचको अन्तर क्रिया कार्यक्रममा पोखरा महानगरपालिका वडा नं-१० का कार्यबाहक वडा अध्यक्ष सम्मर बहादुर श्रेष्ठ को सभापतित्वमा सम्पन्न कार्यक्रमको शहरी स्वास्थ्य सेवा केन्द्र वडा नं १० का प्रमुख समुन्द्र केसीले संचालन गर्नुभएको थियो ।

## सवै मिलेर बसौं



वामनप्रसाद ढेवाजू
गौडाकोमुख-१३

संसारमा धनी पनि छन्
गरिव पनि छन् ।
आखिर मानिस नै हुन्
गरिव पनि मानिसै हुन् ।
धनीले सुन खाँदैनन्
गरिवले माटो खाँदैनन् ।
धनीले मिठो खालान्
गरिवले नमिठो खालान् ।
आखिर अन्न नै खाने हो
आखिर पेट भर्ने नै हो ।
धनी महलमा सुत्लान्
गरिव छाप्रोमा सुत्लान् ।
कुनै खुला आकश मुनी
जाहाँ सुते पनि सुत्ने नै हो ।
धनी जाहाजमा चढ्छन्
प्राडोमा सरर गुड्लान् ।
गरिव वसमा चढ्लान
साइकल चलाउलान् ।
हिंडेर पनि जालन् ।
आखिर गन्तव्यमा पुग्ने हो
सवै पुगेकै हुन्छन् ।
ढिलो र चाँडो मात्र हो ।
आउने वाटो उहि हो ।
जाने वाटो पनि उहि हो ।
धनी भएर घमण्ड किन ?
आखिर सवै माटो मै मिल्ने हो ।
मानिस सवै मानिस हुन् ।
मानिस भएर मिलेर बसौं
धनी गरिव भेदभाव किन?
सवै मानिस मानिस नै हुन्
सवै मानिस मिलेर बसौं ।

# वैशाख ७ र ८ गते दोस्रो मात्राको खोप

पोखरापत्र संवाददाता
दमौली, ३ बैशाख

यही वैशाख ७ र ८ गते कोभिडविरुद्धको दोस्रो मात्राको खोप अभियान सञ्चालन हुने भएको छ । कोभिडविरुद्धको पहिलो मात्रा खोप लगाएकालाई स्वास्थ्य कार्यालय तनहुँले दोस्रो मात्राको खोप लगाउने तयारी गरेको हो ।

पहिलो मात्राको खोप अभियान गत माघ १४ देखि २४ गते र फागुन २ देखि १० गतेसम्म सञ्चालन गरिएको थियो । त्यसक्रममा अग्रपङ्क्तिमा खटिएका स्वास्थ्यकर्मी, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका, कैदीबन्दी, वृद्धवृद्धा, स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारी, सरकारी सेवाका कर्मचारी, सुरक्षाकर्मी, न्याय सेवाका कर्मचारी, बैंक तथा वित्तीय संस्थाका कर्मचारी, प्राधिकरण तथा संस्थानका कार्यरत कर्मचारी र पत्रकारलाई खोप लगाइएको थियो । स्वास्थ्य कार्यालयका प्रमुख शङ्करबाबु अधिकारीले दोस्रो मात्राको खोप लगाउनका लागि यसअघि प्रदान गरिएको खोपकार्ड अनिवार्य रूपमा लिएर आउनुपर्ने बताउनुभयो । स्वास्थ्य कार्यालयले दोस्रो मात्राको खोप अभियान सञ्चालनका लागि स्वास्थ्य संस्थासमेत निर्धारण गरेको छ । त्यसअनुसार व्यास नगरपालिकास्थित दमौली अस्पताल, स्वास्थ्य कार्यालय भवन, कैदीबन्दी, वृद्धवृद्धाका लागि सम्बन्धित स्थानमा, भानु नगरपालिकास्थित पुरनडिही प्राथमिक स्वास्थ्य केन्द्र, भानु स्वास्थ्यचौकी, शुक्लागण्डकी नगरपालिकास्थित जिपी कोइराला श्वासप्रश्वास उपचार केन्द्र, खैरेनीटार स्वास्थ्यचौकी, भीमाद नगरपालिकास्थित भीमाद प्राथमिक स्वास्थ्य केन्द्र, बन्दीपुर गाउँपालिकास्थित बन्दीपुर अस्पताल र डुम्रे आधारभूत स्वास्थ्य केन्द्रमा खोप अभियान सञ्चालन गरिनेछ ।

# तनहुँको पाँच सय हेक्टर वनमा डढेलो

पोखरापत्र संवाददाता
दमौली, ३ बैशाख

हिउँद शुरु भएपछि तनहुँको करीब पाँच सय हेक्टर वन क्षेत्रमा डढेलो लागेको छ । जिल्लाका विभिन्न ठाउँमा रहेका सामुदायिक वनमा छिटफुटरूपमा डढेलोका घटना बढेको डिभिजन वन कार्यालयले जनाएको छ ।

डिभिजन वन कार्यालयका प्रमुख कोमलराज काफ्लेले यकिन तथ्याङ्क नआइसके पनि करीब पाँच/छ सय हेक्टर वन क्षेत्रमा डढेलो लागेको जानकारी दिनुभयो । "अन्य जिल्लाको तुलनामा तनहुँमा विकराल समस्या त छैन, यद्यपि छिटफुटरूपमा डढेलोका घटना भएका छन्", उहाँले भन्नुभयो । उहाँका अनुसार डढेलो लाग्ने १८ जिल्लामध्ये तनहुँ पनि उच्च जोखिममा पर्दछ तर यसपटक भने डढेलोको ठूलो समस्या देखिएको छैन । सर्वसाधारण सचेत भएका कारण पनि डढेलो लाग्न कमी आएको हुनसक्ने उहाँको बुझाइ छ । "डढेलो नियन्त्रणका लागि उपभोक्ता समूह, सामुदायिक वन उपभोक्ता महासङ्घलगायतलाई आग्रह गरेका छौं", उहाँले भन्नुभयो, "सर्वसाधारणले घर नजिकैको पातपतिङ्गर सफा गर्न डढेलो लगाइदिने र सोही डढेलो वन क्षेत्रमा सल्किने गरेको छ ।"

# काठको खोर थापेर चितुवा नियन्त्रणमा

पोखरापत्र संवाददाता
गोरखा, ३ बैशाख

गण्डकी गाउँपालिका-५ सयमुरेमा स्थानीयवासीले परम्परागत काठको खोर थापेर चितुवा नियन्त्रणमा लिएका छन् ।

लामो समयदेखि दर्बुङसहित आसपासको क्षेत्रमा चितुवाले घरेलु पशुचौपाया मारेर आङ्तक नै मच्चाउन थालेपछि डिभिजन वन कार्यालय गोरखाको समन्वयमा स्थानीयवासीले सयमुरेमा थापेको खोरमा चितुवा परेको हो ।

'चितुवा कुन उमेरको हो, भाले वा पोथी हुन हो भन्ने बारेमा खुल्न बाँकी रहेको सब डिभिजन वन कार्यालय सिउरेनीटार प्रमुख साहायक बन अधिकृत मनमोहन मिश्रले जानकारी दिनुभयो ।

'खोरमा परेको प्राविधिक व्यवस्थापन गरेर त्यसलाई अन्यत्र लैजानुपर्ने हुन्छ, उहाँले भन्नुभयो, आवश्यक सामग्रीको हामीसँग अभाव छ, भोलीसम्ममा सबै व्यवस्थापन गरी उद्धार गर्छौं ।'

जनशक्ति पनि पर्याप्त नभएकाले पनि तत्काल घाउचोट नलाग्ने गरी सुरक्षित उद्दार गर्नका लागि आवश्यक सामग्री जुटाउन समय लागेको उहाँले बताउनुभयो । खोरमा परेको चितुवा उद्दार गरी अन्यत्रै लगेर छोड्ने डिभिजन वनकार्यालय प्रमुख असोककुमार श्रेष्ठले जानकारी दिनुभयो । 'खोरमा परेको चितुवलाई उपयुत्त ठाउँमा उसको बासस्थानमा छोड्नुपर्ने हुन्छ, उहाँले भन्नुभयो, 'कस्तो अबस्थामा छ, कस्तो छ हेर्नका लागि कर्मचारी पठाएका छौं अन्यत्र पनि समन्वय भइरहेको छ ।'

पछिल्लो दुई महिनाको अवधिमा चितुवाले गण्डकी गाउँपालिकाको रानागाउँमा मात्रै बाख्रा र गोरु गरी १७ वटा घरपालुवा पशु, सयपुरेमा १० वटा गाइगोरु र राईथोकमा पाँच वटा बङ्गुर तथा पाँच वटा बाख्रा मारेको स्थानीयवासीको भनाइ छ ।

चितुवाको आङ्तक बढ्न थालेपछि स्थानीयवासीले मिलेर करिब एक महिना अघि काठको खोर बनाएर थापेका थिए ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : मन चञ्चल | तुला | : शत्रुको भय |
| वृष | : सहयोग मिल्नेछ | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : सम्मान मिल्नेछ | धनु | : झमेला बड्ने |
| कर्कट | : मानसिक तनाब | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : अप्रत्यसित लाभ | कुम्भ | : शारिरीक झमेला |
| कन्या | : ब्यापारमा लाभ | मीन | : कार्यमा सफलता |

हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।

## घर जग्गा खरिद बिक्री

तुरुन्त घर जग्गा खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।
सम्पर्क : ९८५६०२०९४९ ९८०२८५८००५

## बडा मजाको आयुर्वेदिक

१. मोटोपन घटाउन/ बढाउन
२. यौन शक्ति बढाउन/शीघ्र स्खलन रोक्न
३. पेटको सेतो धर्सा हटाउन, योनी टाईट गर्न
४. स्तन घटाउन/ बढाउन/टाइट गर्न
५. कपाल झर्न रोकी पुनः उम्रान
६. अनुहारको चायाँ, पोतो, डण्डिफोर हटाउन
७. जाँडरक्सी चुरोटको कुलत छुटाउन-
८. शरीरको हाइट बढाउन
९. लेडिज/ जेन्स सेक्स टोय पनि पाइन्छ ।

सम्पर्कः सिर्जनाचोक, पोखरा
मो. ९८४८७०५९४८, ९८४३६०८५१३

## कोठाहरू तथा फ्ल्याट भाडामा

अफिस तथा निवास प्रयोजनको लागि उपयुक्त फ्ल्याट र कोठाहरू भाडामा छ ।
स्थानः भैरव टोल- २, पोखरा
सम्पर्कः ९८८०३०१२९३ ९८८०३०१२९२

## सटर भाडामा

पोखरा-१० औद्योगिक क्षेत्रमा अफिस तथा व्यवसायको लागि उपयुक्त सटर भाडामा छ ।
सम्पर्कः ९८४६००२०९५

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



जन्मः वि.स. २००३/०८/०२
स्वर्गारोहणः वि.स. २०७७/१२/२३ गते

स्वः पदमलाल बास्तोला

यस संस्थाका सक्रिय सदस्य रामचन्द्र बास्तोलाका पुजनीय पिता **पदमलाल बास्तोला** को ७४ वर्षको उमेरमा भएको असामयिक निधनले हामी अत्यन्त मर्माहत एवं स्तब्ध भएका छौं । उहाँको निधन भएको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनमा भगवानले धैर्यधारण गर्ने शक्ति प्रदान गरुन भनि हार्दिक समवेदना प्रकट गर्दछौं ।

जगदिश बराल
अध्यक्ष तथा
घट्टेपुल नमूना टोल बिकास संस्था परिवार
पोखरा महानगरपालिका-१३, घट्टेपुल

# कोरानोले आनीबानीमा सुधार : स्वास्थ्य सतर्कताका कारण सरुवा रोगमा कमी

**पोखरापत्र संवाददाता**
**म्याग्दी, ३ बैशाख**

विश्वव्यापी महामारीका रूपमा फैलिएको कोरोना भाइरसका कारण संसारभरका मानिसको जनजीवन अस्तव्यस्त बनेको छ । विश्वका करोडौं मानिस सङ्क्रमित भएका छन् भने लाखौंले ज्यान गुमाएका छन् । कोरोनाकै कारण अर्थतन्त्र, शिक्षा, रोजगारलगायत धेरै क्षेत्रमा नकारात्मक परिणाम देखिए पनि मानिसको आनीबानीमा भने व्यापक परिर्वतन आएको देखिएको छ । धेरै नकारात्मक परिणामका बीच म्याग्दीमा कोरोनाकै कारण केही सकारात्मक परिवर्तन पनि भएका छन् । ती परिवर्तनमध्ये सबैभन्दा महत्वपूर्ण कुरा भनेको मानिसको आनीबानीमा सुधार र स्वास्थ्यप्रति उच्च सतर्कता रहेको स्वास्थ्यकर्मीले बताएका छन् ।

कोरोना सङ्क्रमणको डरले अपनाइएको स्वास्थ्य सतर्कताका कारण अन्य सरुवा रोगमा पनि कमी आएको म्याग्दीका स्वास्थ्यकर्मीको भनाइ छ । जिल्लाका शहरी क्षेत्रमा बसोबास गर्ने र शिक्षित वर्गले मात्र होइन, गाम्रीण क्षेत्रमा बसोबास गर्ने मानिसले समेत कोरोनाको डरका कारण पटक-पटक साबुनपानीले मिचीमिची हात धुने, दैनिकजसो मास्क लगाउने, सकेसम्म बाहिरको खाना नखाने र शुद्ध पानी पिउने गर्न थालेपछि सरुवा र मौसमी रोगको सङ्क्रमण निकै घटेको स्वास्थ्यकर्मीको भनाइ छ ।

"पछिल्लो समय शहरका मात्रै होइन, ग्रामीण भेगका मानिसको आनीबानीमा समेत निकै परिवर्तन आएको छ, हप्तामा एक दिन नुहाउन पनि कठिन मान्ने गाउँका वृद्धवृद्धा, महिला र बालबालिकाले दिनहुँ प्रत्येक घण्टा साबुनपानीले मिचीमिची हात धुन थालेका छन्, बासी सडेगलेका खाना खाँदैनन्, पानी उमालेर मात्र पिउन थालेका छन्", अन्नपूर्ण अस्पतालका चिकित्सक डा लक्ष्मी पन्थीले भन्नुभयो ।

यो मौसम रुघाखोकी, दम, निमोनिया, झाडाबान्ता, ज्वरोजस्ता सङ्क्रमण देखिने मौसम हो । विगतका वर्षमा यस्ता रोगका बिरामीको अस्पतालमा भीड लाग्थ्यो तर कोरोनाको डरले मानिसमा फेरिएको आनीबानीले यस्ता सङ्क्रामक रोगका समस्या लिएर आउनेहरू कम भएको बेनी अस्पतालका चिकित्सकको भनाइ छ ।

धेरैजसो सरुवा रोग आफ्नो आनीबानी, दूषित पानी र फोहरका कारण लाग्ने गरेको चिकित्सा विज्ञानले पुष्टि गरिसकेको छ । व्यक्तिगत तथा घरायसी सरसफाइ र शौचालयको प्रयोगलाई आगामी दिनमा पनि नित्यकर्मकै रूपमा विकास गर्न सके यस्ता खालका रोगबाट बच्न सकिने स्वास्थ्यकर्मी लक्ष्मी सापकोटाले बताउनुभयो । सरसफाइ र खानपिनलाई ध्यान दिन सके सरुवा रोगबाट बच्न सकिने स्वास्थ्य कार्यालय म्याग्दीका निमित्त प्रमुख एकनारायणलम्सालले बताउनुभयो ।

पछिल्लो एक वर्षयता म्याग्दीमा सरुवा तथा मौसमी रोगका बिरामीको सङ्ख्या घटेको बेनी अस्पतालले जनाएको छ । कोरोना शुरु हुनुभन्दा अघि यस समयमा सरुवा तथा मौसमजन्य रोगका दैनिक ३० देखि ८० बिरामी आउने गरेकामा गत वर्षदेखि कोरोनाका कारण अपनाइएको स्वास्थ्य सचेतनाका कारण उपचार गराउन अस्पतालमा आउने बिरामीको सङ्ख्या न्यून देखिएको हो ।

कोरोना भाइरसले मानिसमा नकारात्मक प्रभाव पारे पनि आनीबानीमा सकारात्मक परिर्वतन ल्याएको छ । कोरोनाकै कारण यहाँका ग्रामीण बस्तीमा साबुनपानीले नियमित हात धुने बानीको विकास भएको छ । बालबालिका र वृद्धवृद्धाले समेत सरसफाइको महत्व बुझ्न पाएका बेनी नगरपालिका-२ बगरफाँटका ६५ वर्षीय पदमपाणि शर्माले बताउनुभयो । सरुवा रोगबाट बच्न र बचाउन नियमित सरसफाइमा सधैँ ध्यान पुऱ्याउन सके आगामी दिनमा सरुवा रोगबाट बच्न सकिने कोरोनाले बदलिएको आनीबानीले पनि प्रमाणित गरेको स्वास्थ्यकर्मीको भनाइ छ ।

# चितुवा नियन्त्रणका लागि पोखरी निर्माण

**पोखरापत्र संवाददाता**
**तनहुँ, ३ बैशाख**

चितुवाको आक्रमणले आतङ्क बनाएको तनहुँका सामुदायिक वन क्षेत्रमा ३० वटा पानीका पोखरी निर्माण गरिएको छ । डिभिजन वन कार्यालय तनहुँले १५ र सामुदायिक वनले १५ गरी ३० वटा पोखरी यसै आर्थिक वर्षभित्र सम्पन्न गरिएको डिभिजन वन कार्यालय तनहुँले जनाएको छ ।

मानव वन्यजन्तुबीचको द्वन्द्व न्यूनीकरणका लागि डिभिजन वन कार्यालयले उक्त अभियानकै रूपमा अघि बढाइएको डिभिजन प्रमुख कमलप्रसाद काफ्लेले जानकारी दिनुभयो । चितुवाले आक्रमण गरेका वन आसपास क्षेत्रमा पानीको स्रोत नहुँदा प्यास मेटाउन भौँतारिँदै मानव बस्ती छिर्ने क्रममा मानवीय क्षति हुने गरेको अनुसन्धानका क्रममा पत्ता लागेको उहाँले बताउनुभयो ।

मानव बस्तीमा पुगेको चितुवाले पानी खाएर अघाएपछि उसको नजीकमा देखापरेका मानव तथा पशुपालनप्रति आक्रमण गर्ने गरेको काफ्लेको भनाइ छ । मांसाहारीजन्य वन्यजन्तुका लागि खानेपानीको पोखरी र आहार प्रजातिका लागि कलिलो घाँस (घाँसे मैदान) व्यवस्था गर्ने गरी मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरण गर्न अभियानका रूपमा थालिएको छ । "वनजङ्गल झाडीले ढाकिँदै गएकाले मांसाहारी प्रजातिको वन्यजन्तुका लागि वासस्थानको व्यवस्थापन गर्दै आवश्यक पर्ने पानीका पोखरी र कलिलो घाँसलाई प्राथमिकतामा राखेका छौँ", उहाँले भन्नुभयो ।

जिल्लाको बन्दीपुर, आँबुखैरेनी, भानु, व्यास र शुक्लागण्डकी नगरपालिकामा रहेका वनजङ्गल आसपास पानीको पोखरी निर्माण गर्न लागिएको हो । डिभिजन वन कार्यालयबाट रु ५० हजारदेखि रु एक लाखसम्मको १५ वटा पोखरी निर्माण गर्ने योजना रहेको छ । सो वनमा आहार प्रजातिका वन्यजन्तुभन्दा मांसाहारीजन्यको सङ्ख्या बढिरहेको क्यामेरा ट्यापिङबाट देखिएको बताइएको छ ।

यस क्षेत्रमा चरीबाघ, चितुवा, स्याल बढिरहेको छ भने मृग, बँदेल नगण्य मात्रामा देखिएको छ । कुनै वन्यजन्तुको सङ्ख्या यकिन नभए पनि त्यसको अनुसन्धान डिभिजन वन कार्यालय तनहुँका निवर्तमान डिभिजन प्रमुख केदार बरालले गरिरहनुभएको छ । चितुवा प्रभावित क्षेत्रका बासिन्दालाई घरघरमा उज्यालो बनाएर राख्न, घर वरपर झाडी पन्छाउन र पशुपालन गोठ सुधार गरी मजबुत बनाउन आग्रह गरिएको डिभिजन वन कार्यालय तनहुँले जनाएको छ ।

जिल्लाका सबैभन्दा बढी भानु नगरपालिका क्षेत्रमा चितुवाले आतङ्क बनाएको छ । उक्त क्षेत्रका वन क्षेत्रमा पानीको पोखरी निर्माणका लागि पालिका तहबाट नै निर्णय गरिएको भानु नगरपालिका-४ का वडाध्यक्ष पूर्णबहादुर लौडारी भाटले जानकारी दिनुभयो । सो पालिकाको वडा नं १, २, ३, ४, १२ र १३ मा चितुवा तथा भालुले धेरै धनजनको क्षति बनाएको थियो ।

# चट्याङ लागेर एकको मृत्यु

**पोखरापत्र संवाददाता**
**बागलुङ, ३ बैशाख**

बागलुङमा हावाहुरी र वर्षासँगै परेको चट्याङले लागेर एक जनाको मृत्यु भएको छ । बिहीबार साँझ चट्याङ लागेर जिल्लाको ताराखोलामा एक जनाको मृत्यु भएको छ ।

ताराखोला गाउँपालिका-२ सिले निवासी ४५ वर्षीय खिमलाल कँडेलको चट्याङ लागेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय बागलुङका सूचना अधिकारी इकवाल हवारीले जानकारी दिनुभयो । कँडेललाई तत्कालै उपचारका लागि धौलागिरि अस्पताल पुऱ्याउँदा अस्पतालले मृत घोषणा गरेको प्रहरीको भनाइ छ ।

# पहाडी क्षेत्रमा पनि सर्पदंशको उपचार आवश्यक

**पोखरापत्र संवाददाता**
**बागलुङ, ३ बैशाख**

चैत २७ गते शुक्रबार बागलुङको मूलपानीमा भेटिएको गोमन सर्प (किङ कोब्रा) लाई सर्प संरक्षण टोलीले सुरक्षित स्थानमा पठायो । उक्त सर्प गाउँ नजिकै छाडिएकाले फेरि फर्केर गाउँमा आउन सक्ने भन्दै स्थानीयवासी त्रसित छन् ।

गोमन सर्पले टोकेमा ३० मिनेटमा मानिसको मृत्यु हुन्छ । त्यस्तो विषालु सर्प बस्तीदेखि टाढा लैजानुपर्ने स्थानीयवासी रस्मी गौतमले बताउनुभयो । "घरैमा आएको सर्प फेरि नआउला भन्न सकिँदैन, अन्यत्रै लगिदिएको भए हुने थियो, नजिकै छाडिँदा डर लागेको छ", उहाँले भन्नुभयो । विषालु सर्प कसरी आयो भन्ने यकिन नभएको उहाँले बताउनुभयो । उद्धारमा खटिएका महेन्द्र कतिलाले भने यो सर्प दुई हजार २०० मिटरको उचाइसम्म पाइने बताउनुभयो । दुई वर्षअघि बागलुङकै कुँडुलेमा सर्पले टोकेर एकको ज्यान गएको थियो । सो सर्प कुन प्रजातिको थियो भन्ने यकिन भएन । गत कात्तिकमा सर्पले टोकेकै कारण पर्वतको मोदी गाउँपालिकाका एक पत्रकारको ज्यान गएको छ ।

यी घटनाले पहाडी क्षेत्र भए पनि सर्पको टोकाइ बढेको देखिन्छ । उपचार र औषधिको व्यवस्थापन बागलुङमा पनि आवश्यकता देखिएको छ । "अब सर्पदंशको उपचार बागलुङको अस्पतालमा पनि आवश्यक देखियो", जिल्ला वन कार्यालयका सहायक वन अधिकृत मदन कँडेलले भन्नुभयो, "समयमा सोच्न सकिएन भने भोलि ठूलो दुर्घटना हुनसक्छ ।" सामान्य तापक्रममा पनि राख्न सकिने औषधि भएकाले एकजना विशेषज्ञ डाक्टर र औषधिको व्यवस्थापन गर्नुपर्ने उहाँले बताउनुभयो । बागलुङको अधिकांश भूगोल दुई हजार २०० मिटर उचाइमा पर्छ । जैमिनी नगरपालिका, गलकोट, बागलुङलगायतका भूगोल यही उचाइमा पर्छन् । हावापानीको परिवर्तनले पनि तापक्रम बढिरहेकाले तराईमा पाइने सर्पलाई सहज वासस्थानको रूपमा बागलुङका कतिपय स्थान सुरक्षित बन्दै गएको अर्का सहायक वन अधिकृत सन्दीप पौडेलले बताउनुभयो । कतिलाले पनि उपचार व्यवस्थापन गर्न सुझाव दिएका छन् ।

# हार्डवेयर पसलमा आगलागी

**पोखरापत्र संवाददाता**
**बागलुङ, ३ बैशाख**

बागलुङ बजारस्थित श्रेष्ठ हार्डवेयर पसलमा आगलागी भएको छ ।

शुक्रबार बिहान अचानक भएको आगलागीबाट हार्डवेयर पसलका सामग्री जलेर नष्ट भएका छन् । दमकलको सहयोगमा अहिले नेपाल प्रहरी, सशस्त्र प्रहरी र स्थानीयवासीले आगो नियन्त्रणमा लिने प्रयास गरिरहेको छ । आगलागीबाट भएको क्षतिको यर्थाथ विवरण आउन बाँकी रहेको जिल्ला प्रहरी कार्यालय बागलुङका सूचना अधिकारी इकवाल हवारीले जानकारी दिनुभयो । हार्डवयर पसलमा आगलागी हुँदा रु ५० लाख बढीको क्षति भएको अनुमान स्थानीयवासीको छ ।

आगलागीको कारण खुल्न नसकेको प्रहरीले जनाएको छ । पछिल्लो समय बागलुङ बजारमा आगलागीको घटना बढेको छ । यसै साता मात्रै बानपा-३ गुठीको सिर्जना फर्निचर उद्योगमा आगलागी हुँदा करिब रु २० लाखको क्षति भएको थियो भने त्यसअघि बागलुङ बजारकै मुख्य चोकमा रहेको ग्रीन एण्ड चिल रेष्टुराँमा आगलागी हुँदा रु १३ लाखको क्षति भएको थियो ।

---

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



जन्मः वि.स. २००३/०८/०२ | स्वर्गारोहणः वि.स. २०७७/१२/२३ गते

**स्वः पदमलाल बास्तोला**

यस जनकल्याण समितिका आजिवन सदस्य रामचन्द्र बास्तोला एवं रमा बास्तोलाका पुजनीय पिता **पदमलाल बास्तोला** को ७४ वर्षको उमेरमा भएको असामयिक निधनले अत्यान्तै मर्माहत र स्तव्ध भएका छौं । वियोगको यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दै र यस शोकलाई सहन गर्न सक्ने शक्ति प्राप्त होस् भनि सिद्धकालिका मातासँग प्रार्थना गर्दै उहाँ ब्रम्हलीन हुनुभएको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दछौं ।

देवराज बराल, अध्यक्ष एवम् कृष्णबहादुर क्षेत्री (कुमार), महासचिव

**श्री जनकल्याण समिति परिवार**
**पोखरा महानगरपालिका-१३, बाँझापाटन**

---

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



जन्मः वि. स. २००८/०८/१० गते | स्वर्गारोहणः वि.स. २०७८/०१/०१ गते

**स्वः सुक माया गुरुङ**

यस बाझाँपाटन (क) टोल विकास संस्थाका सक्रिय सदस्य **सुक माया गुरुङ**को ७० वर्षको उमेरमा असामयीक निधन भएको आज अर्घौं कार्यका दिन दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति भगवानले प्रदान गरुन् भनी कामना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**अध्यक्ष एवं**
**बाँझापाटन (क) टोल बिकास संस्था परिवार पोखरा-१३, बाँझापाटन, कास्की**

---

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



जन्मः वि.स. २००३/०८/०२ | स्वर्गारोहणः वि.स. २०७७/१२/२३ गते

**स्वः पदमलाल बास्तोला**

यस नागेश्वर भजन कृतन समुह समुहका सक्रिय सदस्य **पदमलाल बास्तोला** को ७४ वर्षको उमेरमा भएको असामयिक निधनले अत्यन्तै मर्माहत र स्तव्ध भएको छ । वियोगको यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दै र यस शोकलाई सहन गर्न सक्ने शक्ति प्राप्त होस् भन्ने प्रार्थनाका साथ उहाँ ब्रम्हलीन हुनुभएको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं ।

| प्रेम प्रसाद पराजुली | जमुनादेवी श्रेष्ठ |
|---|---|
| अध्यक्ष तथा | अध्यक्ष तथा |
| **नागेश्वर भजन कृतन समुह परिवार** | **सत्य सेवा आमा समुह परिवार** |

पोखरा महानगरपालिका–१३ बाँझापाटन